# नेपाल राष्ट्र बैंक
## बीरगञ्ज कार्यालय

## सामान लिलाम सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना
(प्रथम पटक प्रकाशित मिति: २०७६।०५।२६)

यस कार्यालयका देहाय बमोजिमका सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्महरुबाट बोलपत्र फारम खरिद गरी मिति २०७६ असोज १० गते बिहान ११ बजेभित्र (उक्त दिन बिदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन) देहायको शर्तको अधीनमा रही सिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| समुह | लिलाम हुने मालसामान | न्यूनतम मूल्य (रु.) |
|---|---|---|
| (क) | कम्प्युटर एक्सेसरिज | ८००।०० |
| (ख) | मेशिनरी सामान | ७००।०० |
| (ग) | कार्यालय सामान | ४२,०००।०० |
| (घ) | विविध सामान | ३८,०४०।०० |
| | कुल न्युन्तम मूल्य | ८१,५४०।०० |
| | अक्षरेपी : रु. एकासी हजार पाँच सय चालीस मात्र । | |

(१) सिलबन्दी बोलपत्र खुल्ने स्थान, मिति र समय :
(क) स्थान: नपाल राष्ट्र बैंक, बीरगञ्ज कार्यालय ।
(ख) मिति: २०७६।०६।१० (उक्त दिन बिदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन) ।
(ग) समय: दिनको १२ वजे ।

(२) बोलपत्र साथ कबोल गरेको रकमको पांच प्रतिशतले हुन आउने रकम बरावर यस कार्यालयको स.क्रे.हि. हिसाव नं १७०९९९९-०११-०००-५२४ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ ।

(३) लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले तीन दिनभित्र सम्झौता गर्नु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी वापत जम्मा गरेको रकम जफत गर्न सकिनेछ ।

(४) बोलपत्र फाराम रु ५००।– (रु. पांचसय मात्र) (फिर्ता नहुने गरी) बुझाई यस कार्यालयको आन्तरिक प्रशासन फांटबाट लिन सकिनेछ ।

(५) लिलाम हुने सम्पूर्ण सामानहरुको विवरण तथा सोको न्यूनतम मूल्य यस कार्यालयको सूचना पाटीमा टांस गरिएको छ । लिलाम हुने सामान हेर्न/बुझ्न चाहेमा कार्यालय समयमा कार्यालयको आन्तरिक प्रशासन फांटमा सम्पर्क राख्न सकिनेछ ।

(६) लिलाममा भाग लिन इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र इच्छुक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण गरिएको), स्थाई लेखा नम्वर लिएको वा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

(७) बोलपत्र सम्बन्धी यो सूचना यस बैंकको वेवसाइट www.nrb.org.np मा पनि हेर्न सकिने छ ।

नेपाल राष्ट्र बैंक
बीरगञ्ज कार्यालय